पाकिस्तानमा यात्रुवाहक रेल अपहरण

■ एजेन्सी

इस्लामाबाद, फागुन २७

पाकिस्तानमा रहेको सशस्त्र लडाकुहरूको संगठन बलुच लिबरेशन आर्मी (बीएलए) ले मंगलबार जाफर एक्सप्रेसको एक रेलमा आक्रमण गरी अपहरण गरेको छ ।

बीएलएले विज्ञप्ति जारी गर्दै घटनाको जिम्मेवारी लिँदै एक सय ८२ यात्रुलाई बन्धक बनाइएको र २० पाकिस्तानी सैनिक मारिएको बताएको छ । बीएलएले एउटा ड्रोन खसालेको पनि बताएको छ । सरकारी रेलवे अधिकारी मुहम्मद काशिफले रेलमा रहेका चार सय ५० भन्दा बढी यात्रुहरूलाई बन्धुकधारीहरूले बन्धक बनाएको बताएका छन् ।

क्वेटादेखि पेशावर जाने बाटोमा रहेको बलुचिस्तानको बोलान जिल्लाको मशकाफ क्षेत्रमा दिउँसो १ बजेतिर सो रेलमा आक्रमण भएको थियो । मंगलबार साँझसम्म पनि सो रेल पूर्णरूपमा सशस्त्र लडाकुहरूको नियन्त्रणमा थियो ।

अफगानिस्तान र इरानको सीमामा रहेको बलुचिस्तान प्रान्तको दुर्गम, पहाडी क्षेत्रमा रेल नियन्त्रणमा लिँदा लडाकुहरूले चालकलाई घाइते बनाए ।

आतङ्ककारीहरूले द्रुत गतिमा रेल नियन्त्रणमा लिएर सबै यात्रुहरूलाई बन्धक बनाएका हुन् । सशस्त्र लडाकुको समूहले बन्धकहरूलाई उद्धार गर्ने प्रयास गरेमा डरलाग्दो परिणाम घटाउने चेतावनी दिएको छ ।

यात्रुहरूलाई बन्धक बनाइएको छ भने चालक घाइते भएका छन् । सरकारी अधिकारीका अनुसार सिबीका अस्पतालहरूमा आपतकालीन अवस्था लागू गरिएको छ । सिबीसँग जोडिएको क्षेत्रका एक वरिष्ठ प्रहरी अधिकारीले रेल पहाडले घेरिएको सुरुङको ठीक अगाडि अड्किएको छ । यो क्षेत्र पहाडी क्षेत्र हो, जसले गर्दा सशस्त्र बन्दुकधारीहरूलाई लुक्न र आक्रमणको योजना बनाउन सजिलो हुन्छ ।

सन् २०२१ मा तालिबानले सत्ता फर्ता लिएपछि अफगानिस्तानसँगको पश्चिमी सीमावर्ती क्षेत्रहरूमा उत्तरदेखि दक्षिणसम्म हिंसा बढेको छ ।

साउदीमा रोजगार

कम्पनी : Burger Front Restaurant For Meals

पूर्व स्वीकृति मिति : 2025/03/11 पत्रावली नं. 60234331 LT No. 320196

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब SR	तलब कम नर्स दिन	हाजरीमा काम गर्ने घण्टा	औसत दाइनिक ड्यूटि	वार्षिक बिदा	खाना सुविधा	बसस सुविधा	करार अवधि
१	KITCHEN WORKER	3	0	कामसम्बन्धि अनुभवी	1000	३७२९.०	६ दिन	८ घण्टा	कम्पनीको नियम अनुसार	छ	छ	२ वर्ष

मेनपावरको कार्यालय, काठमाडौंमा २०८१ चैत ६ गते (2025/3/19) मा हुनेछ ।

स्वदेशमा गरिने ठिई मेडिकल खर्च कम्पनी दिने र कटि लाग्ने | रोजगार कम्पनीमा मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कम्पनी लाइनेले र कटि लाग्ने | अनिवार्यरुपमा बुझक कटि लाग्ने र कटाउने लाइनेले | रोजगारमा बीमा हुने/नहुने र कम्पनी लाइनेले | कार्यालयकारको व्यवस्था | हवाई टिकट कम्पनी दिने र कटि लाग्ने | सेवा शुल्क

कामदार आफै | दिन | कामदार आफै | रु. ७०००/- कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | रु.१५०००/- कामदार आफै | निशुल्क | निशुल्क

बोलिस (Clause) विवरण: कम्पनी (कम्पनी) ले कामको लागि विदेश जाने कामदार माग गरेको मिति देखि ६ महिना भित्र (कम्पनी) ले कामदार (कम्पनी) लाई कामको लागि विदेशमा पठाउन सकेमा